कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्राय

# मानव संसाधन विकास केन्द्र

वीरेन्द्रनगर, सुर्खेत

## स्वयंसेवक भई कार्य गर्न चाहने आवेदकको सूचिकरण सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८ /१२/ २५)

सामाजिक विकास मन्त्रालय, स्वयंसेवक सचिवालयको कार्यालय कर्णाली प्रदेशको लागि देहाय बमोजिमका क्षेत्र र पदहरुमा स्वयंसेवक परिचालन कार्यक्रम अन्तर्गत स्वयंसेवक भई कार्य गर्न चाहने व्यक्तिका लागि देहाय अनुसार योग्यता भएका प्राविधिकहरूलाई स्वयंसेवकको रूपमा जिल्लागत सूचिकरण गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | स्वयंसेवक पदनाम | तह | सुर्खेत | सल्यान | दैलेख | जाजरकोट | रुकुम पश्चिम | कालिकोट | जुम्ला | मुगु | डोल्पा | हुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०७८/०७९ | हेल्थ असिस्टेण्ट | पाँचौ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | १३ |
| २ | २/२०७८/०७९ | ल्याव असिस्टेन्ट | चौथो | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १० |
| ३ | ३/२०७८/०७९ | स्टाफ नर्स | पाँचौ | १ | २ | १ | २ | १ | २ | २ | २ | २ | २ | १७ |
| ४ | ४/२०७८/०७९ | सव इन्जिनियर | पाँचौ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १० |
| ५ | ५/२०७८/०७९ | कम्युटर अपरेटर | पाँचौ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १० |
| ६ | ६/२०७८/०७९ | प्राविधिक सहायक शिक्षा | पाँचौ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १० |
| ७ | ७/२०७८/०७९ | अ.न.मी. | चौथो | २ | २ | २ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | २५ |
| ८ | ८/२०७८/०७९ | अ.हे.व. | चौथो | १ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | १९ |
| ९ | ९/२०७८/०७९ | कृषि जे.टि.ए. | चौथो | १ | १ | १ | १ | | १ | | | १ | | ६ |
| १० | १०/२०७८/०७९ | अ.सव इन्जिनियर | चौथो | | | १ | | १ | १ | १ | १ | १ | १ | ७ |
| ११ | ११/२०७८/०७९ | भेटनरी जे.टि.ए. | चौथो | | | | | १ | | १ | १ | | १ | ४ |
| १२ | १२/२०७८/०७९ | इलेक्ट्रिकल सब ओभरसियर | चौथो | १ | | | | | | | | | | १ |
| १३ | १३/२०७८/०७९ | अमिन | चौथो | १ | | | | | | | | | | १ |
| **जम्मा माग पद संख्या** | | | | **१२** | **१२** | **१२** | **१२** | **१२** | **१४** | **१४** | **१५** | **१५** | **१५** | **१३३** |

१. <u>आवेदकको योग्यता तथा अन्य विवरण</u>

क. नेपाली नागरिक हुनुपर्ने ।

ख. न्यूनतम योग्यताः

- स्वयंसेवक (हे.अ.) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक (ल्याव असिस्टेन्ट) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तिर्ण गरी ल्याब टेक्निसियनको २ वर्ष ६ महिनाको कोर्ष उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक (स्टाफ नर्स) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तिर्ण गरेको हुनुपर्नेछ
- स्वयंसेवक (सव इन्जिनियर) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट ईन्जिनियरिङ्ग विषयमा कम्तिमा ३ वर्षे डिप्लोमा उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक (कम्युटर अपरेटर) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कम्प्यटर विषयमा प्रमाणपत्र तह उत्तिर्ण वा प्रमाणपत्र तह उत्तिण गरी ६ महिने कम्प्यूटर सम्बन्धी तालिम लिएको हुनुपर्नेछ ।
- स्वयंसेवक (प्राविधिक सहायक शिक्षा) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक (अ.न.मी.) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक (अ.हे.व.) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सी. एम. ए. कोर्ष उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक (अ. सब ईन्जिनियर) पदको लागिः सब ओभरसियर उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक ( भेटनरी जे.टि.ए.) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेनरी विषयमा कम्तिमा जे.टि.ए. वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ
- स्वयंसेवक ( कृषि जे.टि.ए.) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा जे.टि.ए. वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक (इलेक्ट्रिकल सब ओभरसियर) पदको लागिः ईलेक्ट्रिकल सब ओभरसियर उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- स्वयंसेवक (अमिन) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सी./ एस.ई.ई. उत्तिर्ण गरी Basic अमिन सम्बन्धी तालिम लिएको वा सो सरह ।

ग. विदेशी शिक्षण संस्थाबाट अध्ययन गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

घ. **उमेर हदः** १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

ङ. सम्बन्धित व्यवसायिक परिषद तथा काउन्सिलमा दर्ता तथा नविकरण समेत भएको हुनुपर्नेछ

च. स्थायी बसोबास गरेको व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश भएको हुनु पर्ने छ ।

छ. समावेशिता(महिला, आदिवासी/जनजाती, मधेसी, पिछडिएको क्षेत्र र दलित) को हकमा अनिवार्य रुपमा सम्बन्धित विवरण खुलेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

ज. अपाङ्गताको हकमा अनिवार्य रुपमा अपाङ्गता खुलेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

झ. प्रचलित कानून द्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

२. **<u>दरखास्त दिने विधि र अन्तिम मितिः</u>** योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुले सम्बन्धित जिल्ला स्थित सामाजिक विकास कार्यालमा र सुर्खेत जिल्लाको हकमा शिक्षा विकास निर्देशनालयमा तोकिएको दरखास्त फाराम भरी तोकिएको समयावधि (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र) कार्यालय समय भित्र दरखास्त पेश गरिसक्नुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलिपल्ट सम्म दरखास्त पेश गर्न सकिनेछ ।

दरखास्त फाराम सम्बन्धित जिल्ला स्थित सामाजिक विकास कार्यालय र सुर्खेत जिल्लाको हकमा शिक्षा विकास निर्देशनालयबाट प्राप्त गर्न सकिनेछ वा सामाजिक विकास मन्त्रालयको वेबसाईट (mosd.karnali.gov.np) बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

देहायको ईमेल ठेगानामा समेत दरखास्त सहित आवश्यक कागजात Scan गरि .rar फाईलमा पेश गर्न सकिनेछ ।

| क्र.सं. | कार्यालयको नाम | ईमेल ठेगाना |
|---|---|---|
| १ | शिक्षा विकास निर्देशनालय, सुर्खेत | redsurkhet@gmail.com |
| २ | सामाजिक विकास कार्यालय, हुम्ला | sdohumla@gmail.com |
| ३ | सामाजिक विकास कार्यालय, डोल्पा | sdodolpa@gmail.com |
| ४ | सामाजिक विकास कार्यालय, मुगु | sdomugu@gmail.com |
| ५ | सामाजिक विकास कार्यालय, जुम्ला | sdojumla@gmail.com |
| ६ | सामाजिक विकास कार्यालय, कालिकोट | sdokalikot@gmail.com |
| ७ | सामाजिक विकास कार्यालय, दैलेख | sdodailekh@gmail.com |
| ८ | सामाजिक विकास कार्यालय, सल्यान | Sdosalyan2076@gmail.com |
| ९ | सामाजिक विकास कार्यालय, जाजरकोट | sdojajarkot@gmail.com |
| १० | सामाजिक विकास कार्यालय, रुकुम पश्चिम | sdorukum@gmail.com |

३. **<u>दरखास्तमा संलग्न गर्नुपर्नेः</u>** दरखास्त फाराम भरी उम्मेद्वारको व्यक्तिगत विवरण, न्युनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित काउन्सिल वा परिषद् मा दर्ता तथा नविकरण भएको प्रमाणपत्र लिनुपर्ने पदहरुको हकमा त्यस्तो प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

४. **छनौट प्रक्रियाः** कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि, २०७६(संसोधन सहित) बमोजिम हुनेछ

५. **सेवा सुविधाः** छनौट भएका स्वयंसेवकहरुलाई आवश्यकता अनुसार प्रदेश तथा स्थानीय तहमा काम गर्न खटाउन सकिनेछ । पारिश्रमिक तथा सेवा शर्तहरु कर्णाली प्रदेश सरकारको नियमानुसार हुनेछ ।

६. म्याद नाघी आएको र रित नपुगेको दरखास्त उपर कुनै पनि कारबाही हुने छैन ।

७. दरखास्त वापत कुनै शुल्क लाग्ने छैन ।

८. यो सूचना सामाजिक विकास मन्त्रालयको वेबसाइटः mosd.karnali.gov.np सम्बन्धित जिल्ला स्थित सामाजिक विकास कार्यालय (सुर्खेत जिल्लाको हकमा शिक्षा विकास निर्देशनालय) र मानव संसाधन विकास केन्द्रको सूचना पाटी साथै मानव संसाधन विकास केन्द्रको फेसबुक पेज मार्फत समेत हेर्न सकिनेछ ।